" कृषि,शिक्षा,स्वास्थ्य,पर्यटन र सञ्चारः समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"

# तिलागुफा नगरपालिका

## (Tilagupha Municipality)

# नगर कार्यपालिकाको कार्यालय

## (Office Of The Municipal Executive)

## शिक्षा युवा तथा खेलकूद शाखा

## (Section of Youth,Sports and Education)

## गाल्जे,कालीकोट

## (Galje, Kalikot)

पत्र संख्या / (Ref No):-२०८१/०८२ कर्णाली प्रदेश,नेपाल

चलानी न /(Dispatch No):- ४१५ (Karnali Province, Nepal)

मिति २०८१।०८।१८
(ने.सं.११४५,थिंलाथ्व द्वितीया,मंगलबार)

श्री सामुदायिक विद्यालय तथा बाल विकास केन्द्रहरु सबै,
तिलागुफा नगरपालिका ,कालिकोट ।

विषयः दोस्रो त्रैमासिक माग फाराम पेश गर्ने सम्बन्धमा

प्रस्तुत विषयमा चालु आर्थिक वर्ष २०८१।०८२ अन्तर्गत दोस्रो त्रैमासिक (कार्तिक देखि पुष सम्म) रकम निकासा प्रयोजनका लागि यस नगरपालिका अन्तर्गत सञ्चालित सम्पूर्ण सामुदायिक विद्यालय तथा बाल विकास केन्द्रहरुले यही मंसिर २५ गते भित्र अनिवार्यरुपमा देहाय बमोजिम निकासा माग फाराम पेश गर्न हुन निर्देशनकासाथ अनुरोध छ।

देहायः

१. निकासा माग फाराम पेश गर्दा तोकिएको ढाँचामा पेश गर्नु पर्नेछ ।
२. माग फाराम पेश गर्दा करकट्टी अनिवार्यरुपमा पेश गर्नुपर्नेछ ।
३. अघिल्लो त्रैमासिक रकम बुझी लिएको भर्पाइ अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।
४. निजी स्रोत शिक्षकहरुको माग फाराम अलग्गै पेश गर्नु पर्नेछ ।
५. छुट तलब माग गर्दा कति दिन बराबरको रकम छुट भएको कैफियतमा स्पष्टरुपमा खुलाउनुपर्नेछ ।
६. शिक्षक कर्मचारीको मिति २०८१ साल श्रावण महिना देखि असोज महिना सम्मको हाजिरी अनिवार्यरुपमा प्रमाणित गरी पेश गर्नु पर्नेछ ।
७. संघीय अनुदान अन्तर्गत अंग्रेजी, गणित र विज्ञान विषयको रकम निकासा माग गर्दा अलग्गै रुपमा माग गर्नु पर्नेछ ।
८. यस अघि केही निजी शिक्षकहरुको तलब छुट हुन गएकाले छुट भएका शिक्षकहरुको हकमा अनिवार्यरुपमा माग फारामकासाथ नियुक्ती पत्र राखी पेश गर्नु पर्नेछ।
९. नयाँ नियुक्ति, बढुवा र सरुवा भएका शिक्षकहरुको हकमा अनिवार्यरुपमा नियुक्ति पत्र र रमाना पत्र माग फारामका साथ पेश गर्नु पर्नेछ ।

२०८१/०८/१८

लिलाराज बम
(शिक्षा अधिकृत, छैठौं)